# ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.

# को

## शेयर नीति - २०७६

**१. प्रस्तावना :-**

संस्थाको पूँजी निर्माण गरी सदस्यहरुलाई वित्तिय सेवा पुऱ्याउन सकियोस भन्ने उदेश्यले यो 'शेयर नीति-२०७६' जारी गरीएको छ ।

**२. संक्षिप्त नाम**

यो नीतिको नाम ब्राइट बचत तथा ऋण सहकारी संस्था लिमिटेडको " शेयर नीति २०७६" रहनेछ । यो नीति ब्राइट बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०७६ भाद्र १४ गते सम्पन्न २० औं बार्षिक साधारण सभाबाट स्विकृत भएको मिति देखी लागु हुनेछ ।

**३. परिभाषा :-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस 'सदस्यता नीति -२०७६' मा :

१. "ऐन" भन्नाले सहकारी ऐन २०७४ र उक्त ऐनमा हुने संशोधन समेतलाई जनाउँछ ।
२. "नियमावली" भन्नाले सहकारी नियमावली २०७५ र सोमा हुने संशोधन समेतलाई जनाउँछ ।
३. "संस्था" भन्नाले ब्राइट बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई सम्झनुपर्दछ ।
४. "विनियम" भन्नाले संस्थाको विनियम २०५६ र संशोधन समेतलाई जनाउँछ ।
५. "नीति" भन्नाले संस्थाको यसै शेयर नीति २०७६ लाई जनाउँछ ।
६. "सदस्य" भन्नाले संस्थाको विनियम तथा नीतिका सर्त स्विकार गरी सदस्यता ग्रहण गरेका व्यक्तिहरु जनाउँछ ।
७. "समिति" भन्नाले संस्थाको विनियम बमोजिम निर्वाचित सञ्चालक समितिलाई सम्झनु पर्दछ ।
८. "संचालक" भन्नाले विनियम बमोजिम निर्वाचित समितिको सदस्य सम्झनु पर्दछ । सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषध्यक्ष समेतलाई जनाउँछ ।
९. "व्यवस्थापन प्रमुख" भन्नाले संस्थाको प्रबन्ध सञ्चालक, कार्याकारी प्रमुख वा सो कार्य गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।
१०. "कर्मचारी" भन्नाले संस्थाको स्विकृत दरबन्दी भित्रका तह खुलेको वा नखुलेको स्थायी, अस्थायी र करारका कर्मचारी सम्झनु पर्दछ । सो शव्दले परीक्षणकाल तथा प्रशिक्षार्थीका रुपमा नियूक्त कर्मचारीलाई समेत जनाउँछ ।

**४.शेयर पूजी :-**

११. संस्थाले प्रति शेयर रु. १००।- का दरले आवश्यकता अनुसार शेयर जारी गर्नेछ ।
१२. संस्थाले जारी गरेको शेयरको २० प्रतिशतमा नबढाई सदस्यले जतिसुकै शेयर लिन सक्नेछन ।

**५. शेयरको प्रमाण पत्र :-**

१३. संस्थाको शेयर लिए बापत सदस्यलाई संस्थाको छाप लागेको शेयर प्रमाण पत्र (अनुसूची १ बमोजिम) दिईनेछ ।

१४. सो प्रमाण पत्र हराएमा वा नासिएमा रु.५००।-(अक्षरेपी पाँच सय मात्र) तिरी प्रतिलिपी शेयर प्रमाण पत्र लिन सकिनेछ ।

## ६. हकवाला मनोनय

१५.संस्थाको शेयर खरिद गरी सदस्य बन्दाको बखत सदस्य आवेदन फारममा आफ्नो शेषपछि आफ्नो शेयरको हकवालाको मनोनयन गर्नु पर्नेछ ।

१६.सामान्यतया एक पटक मनोनयन गरि सकेको हकवाला परिवर्तन गर्न सकिने छैन, तर कुनै विशेष कारणले मनोनयन गरिसकेको हकवाला परिवर्तन गर्नु परेमा संस्थाको संचालक समिति समक्ष लिखित रुपमा निवेदन पेश गर्नु पर्नेछ ।

## ७. शेयरको हस्तान्तरण वा फिर्ता :-

१७.सदस्यले चाहेमा संस्थाको स्वीकृती लिएर अन्य सदस्यलाई शेयर हस्तान्तरण गर्न सकिनेछ ।

१८. सदस्यताबाट निस्काशन भएको अवस्थामा मात्र शेयरको रकम फिर्ता गरिनेछ ।

१९.सदस्यको मृत्य भएको अवस्थामा शेयर निजले ईच्छाएको व्यक्ति वा नजिकको हकवालाको नाममा नामसारी अथवा शेयरको रकम फिर्ता गरिनेछ ।

## ८. शेयर खरिद गर्नुपर्ने :-

२०. संस्थाको शेयर सदस्यता लिनको लागि संस्थाको सदस्यता नीतिमा उल्लेख गरिए बमोजिमको शेयर अनिवार्य खरिद गर्नुपर्नेछ ।

२१.प्रत्येक वर्ष संस्थाको साधारण सभाले तोके बमोजिम शेयर संस्थाका प्रत्येक सदस्यले खरिद गर्नुपर्नेछ अथवा सदस्यको बचत खाताबाट शेयर खातामा सारिनेछ ।

२२.सदस्यले संस्थाबाट अचल सम्पत्ति धितो राखि ऋण लिदा वा विना धितो ऋण लिंदा संस्थाको ऋण नीतिमा उल्लेख गरिए बमोजिम शेयर खरिद गर्नुपर्नेछ ।

## ९. शेयर लाभाँस भुक्तानी :

सदस्यहरुले लगानी गरेको शेयरमा संस्थाको संचालन मुनाफाको आधारमा वार्षिक साधारण सभाको निर्णय पश्चात निजको साधारण बचत खातामा दिन गणना गरी दैनिक मौज्दातका आधारमा तोकिएको शेयर लाभाँस जम्मा गरिदिइनेछ । जुन रकम सदस्यले आफुले चाहेको बेलामा झिक्न सक्नेछन तर निष्कृय सदस्यको हकमा नियमित बचतमा सार्नका लागि मात्र भुक्तानी दिइनेछ । शेयर लाभांस शेयरको १८ प्रतिशत भन्दा बढी वितरण गरिने छैन ।

१०. व्याख्या गर्ने अधिकार :

यो नीतिको व्याख्या गर्ने अधिकार साधारण सभामा निहित रहनेछ ।

## ११.बाधा अड्काउ फुकाउने र व्याख्या गर्ने अधिकार :-

यस नीतिको कार्यान्वयन गर्ने क्रममा कुनै किसिमको द्विविधा वा वाधा अड्काउ आइपरेमा सोको व्याख्या गर्ने र वाधा अडकाउ फुकाउने अन्तिम अधिकार समितिलाई हुनेछ ।

**१२.बचाऊ :-** शेयर जारी, खरिद विक्रिका सम्बन्धमा यस नीतिले नसमेटेका कुराहरुमा समितिले निर्णय गरी लागु गर्न सक्नेछ । कुनै दफा वा उपदफा कुनै ऐन, नियमावली र नीति नियमसंग बाझिन गएमा बाझिएको हकमा उक्त दफा स्वत निष्कृय हुनेछ ।